७८ औ बैठक

मिति २०७७ साल आश्विन २६ गते सोमबारका दिन बिहान ११:०० बजे यस शुक्लागण्डकी नगरपालिका, नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री किसान गुरुङज्यूको अध्यक्षतामा बसी तपसील बमोजिमका प्रस्तावहरु माथि तपसील बमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती :

श्री किसान गुरुङ , नगर प्रमुख , अध्यक्ष (नगर कार्यपालिका)

श्री सबिता रसाईली , उप प्रमुख , सदस्य (नगर कार्यपालिका)

श्री रबि चन्द्र पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री जगत बहादुर गुरुङ , सदस्य (नगर कार्यपालिका)

श्री राम कुमार श्रेष्ठ, सदस्य (नगर कार्यपालिका)

श्री शिव कुमार श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री दिर्घ बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण बहादुर पौडेल , सदस्य (नगर कार्यपालिका)

श्री राम बहादुर क्षेत्री थापा , सदस्य (नगर कार्यपालिका)

श्री कृष्ण प्रसाद रेग्मी , सदस्य (नगर कार्यपालिका)

श्री लोक नारायण श्रेष्ठ , सदस्य (नगर कार्यपालिका)

श्री रामचन्द्र भण्डारी , सदस्य (नगर कार्यपालिका)

श्री दल बहादुर थापा , सदस्य (नगर कार्यपालिका)

श्री मनराज गुरुङ , सदस्य (नगर कार्यपालिका)

श्री दानु अधिकारी सापकोटा , सदस्य (नगर कार्यपालिका)

श्री गिता महत , सदस्य (नगर कार्यपालिका)

श्री विष्णुमाया ढकाल लम्साल , सदस्य (नगर कार्यपालिका)

श्री रिता कुमारी भुजेल थापा , सदस्य (नगर कार्यपालिका)

श्री सानुमाया महत , सदस्य (नगर कार्यपालिका)

श्री कुल बहादुर भुजेल , सदस्य (नगर कार्यपालिका)

श्री खिम बहादुर कुमाल , सदस्य (नगर कार्यपालिका)

श्री भरत लामगादे , सदस्य (नगर कार्यपालिका)

श्री गंगालाल सुवेदी , प्रमुख प्रशासकीय अधिकृत एवम् सचिव (नगर कार्यपालिका)

Scanned with CamScanner

**अन्य उपस्थिती :**

श्री नवराज चापागाई , शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख

श्री लक्ष्मण लम्साल, प्रशासन शाखा प्रमुख

श्री अजय श्रीवास्तव, स्वास्थ्य शाखा प्रमुख

श्री रामचन्द्र द्विवेदी, राजस्व शाखा प्रमुख

Scanned with CamScanner

## निर्णय नं. १ :

देहायका प्रकोपीडितलाई प्रकोप व्यवस्थापन कोषबाट राहत रकम उपलब्ध गराउने :

क) मिति २०७६ पौष १३ गते शु.न.पा वडा नं. ३ स्थित रातामाटामा आदमखोर चितुवाको आक्रमणबाट ज्यान गएको रविन नेपालीको परिवार लाई रु २५ हजार,

ख) मिति २०७७ साल श्रावण २१ गते शु.न.पा २ दगाम आदमखोर चितुवाको आक्रमणबाट ज्यान गएको नारायण रानाको परिवार लाई रु २५ हजार,

ग)शु.न.पा वडा नं १० बाङराङ स्थित तिलबहादुर वि.क. को घरमा मिति २०७७ असोज २२ गते विहिवारको दिन बेलुका ६:३० बजे आगलागी भएको हुदा पिडित परिवारलाई राहतस्वरुप रु १५ हजार ।

## निर्णय नं. २ :

अविरल वर्षाको कारण निजी आवासमा पुर्ण क्षति भएको परिवारलाई नगरपालिकाले राहत स्वरुप रु २००००।– (बीसहजार) उपलब्ध गराउने भनी बोर्ड बैठकले मिति २०७७ श्रावण १२ गते निर्णय गरिएकोमा वडाबाट संकलन गरिएको माग निवेदनको आधारमा आवास पूर्ण क्षति भएका देहायका घरपरिवारलाई नगर प्रमुख, नगर उपप्रमुख,प्रमुख प्रशासकीय अधिकृत तथा वातावरण शाखा प्रमुख सम्बन्धित वडा अध्यक्षसहित स्थलगत रुपमा गई पिडित परिवारलाई राहत रकम उपलब्ध गराउने ।

तपशिल

| क्र.सं. | नाम,थर | ठेगाना | क्षतिको विवरण |
|---|---|---|---|
| १ | मोहन प्रसाद ढकाल | शु.न.पा.१ | वाटो माथीवाट पहिरो आई घर भत्केको |
| २ | नेत्र कुमारी वंशी | शु.न.पा.१ | अविरल वर्षले घर भत्केको |
| ३ | तिलचन राना | | घरको आगनमा पहिरो गएको र बसोबास गर्ने अवस्था नरहेको |
| ४ | रहिमत अलि मिया | शु.न.पा.१ | अविरल वर्षले घर भत्केको |
| ५ | नईम मिया | शु.न.पा.१ | अविरल वर्षले घर भत्केको |
| ६ | इज्जत अलि मिया | शु.न.पा.१ | अविरल वर्षले घर भत्केको |
| ७ | रेनु माया गुरुङ्ग | शु.न.पा.१ | अविरल वर्षले घर भत्केको |
| ८ | कुमार वि.क. | शु.न.पा.२ | अविरल वर्षल घर भत्केको |
| ९ | भरत भण्डारी | शु.न.पा.२ | अविरल वर्षले घर भत्केको |
| १० | दुर्गा ब.राना मगर | शु.न.पा.२ | अविरल वर्षले घर भत्केको |
| ११ | रिता वि.क. | शु.न.पा.३ | अविरल वर्षले घर भत्केको |
| १२ | सेती सार्की | शु.न.पा.३ | अविरल वर्षले घर भत्केको |
| १३ | द्रुपति वि.क. | शु.न.पा.३ | अविरल वर्षले घर भत्केको |
| १४ | कैले वि.क. | शु.न.पा.३ | अविरल वर्षले घर भत्केको |
| १५ | टुक ब. गुरुङ्ग | शु.न.पा.३ | अविरल वर्षले घर भत्केको |
| १६ | कमला खत्री | शु.न.पा.३ | अविरल वर्षले घर भत्केको |
| १७ | विक्रम श्रेष्ठ | शु.न.पा.३ | माथीवाट पहिरो आई घर भत्केको |
| १८ | तेज ब. सुनार | शु.न.पा.५ | अविरल वर्षले घर भत्केको |
| १९ | देवी परियार | शु.न.पा.५ | अविरल वर्षले घर भत्केको |

किशन गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

| | | | |
|---|---|---|---|
| २० | सुजन परियार | शु.न.पा.६ | माथीवाट पहिरो आई घर भत्केको |
| २१ | वसुन्धरा क्षेत्री | शु.न.पा.६ | अविरल वर्षले ४ कोठे घर, शौचालय भत्केको |
| २२ | लाल बहादुर वि.क. | शु.न.पा.६ | अविरल वर्षले घर भत्केको |
| २३ | माधव प्रसाद ढकाल | शु.न.पा.६ | अविरल वर्षले गोठ भत्केको र ४ वटा वाखार १हल गोरु मरेको । |
| २४ | प्रेम बहादुर महत | शु.न.पा.७ | माथीवाट पहिरो आई घर भत्केको र बसोवास गर्ने अवस्था नरहेको |
| २५ | रुद्र बहादुर महत | शु.न.पा.७ | माथीवाट पहिरो आई घर भत्केको र बसोवास गर्ने अवस्था नरहेको |
| २६ | चित्र ब. गुरुङ्ग | शु.न.पा.७ | माथीवाट पहिरो आई घर भत्केको र बसोवास गर्ने अवस्था नरहेको |
| २७ | दिपक भुजेल | शु.न.पा.८ | माथीवाट पहिरो आई घर भत्केको |
| २८ | गौमती गुञ्जाली | शु.न.पा.८ | माथीवाट पहिरो आई घर भत्केको |
| २९ | राजेन्द्र बराल | शु.न.पा.८ | माथीवाट पहिरो आई घर भत्केको |
| ३० | मन माया भुजेल | शु.न.पा.८ | अविरल वर्षले घर भत्केको |
| ३१ | रेशम परियार | शु.न.पा.९ | माथीवाट पहिरो आई घर भत्केको र बसोवास गर्ने अवस्था नरहेको |
| ३२ | कृष्ण कुमारी श्रेष्ठ | शु.न.पा.१० | माथीवाट पहिरो आई घर भत्केको |
| ३३ | मन बहादुर भुजेल | शु.न.पा.१० | माथीवाट पहिरो आई घर भत्केको |
| ३४ | दुर्गा बहादुर क्षेत्री | शु.न.पा.१० | अविरल वर्षले घर भत्केको |
| ३५ | टिका राम लम्साल | शु.न.पा.११ | घरको आगनमा पहिरो गएको र बसोबास गर्ने अवस्था नरहेको |
| ३६ | खिम बहादुर मल्ल | शु.न.पा.११ | अविरल वर्षले घर भत्केको |
| ३७ | दुर्ग बहादुर क्षेत्री | शु.न.पा.११ | अविरल वर्षले घर भत्केको |
| ३८ | पुर्ण बहादुर कामी | शु.न.पा.११ | अविरल वर्षले घर भत्केको |
| ३९ | पदम बहादुर पराजुली | शु.न.पा.११ | अविरल वर्षले घर भत्केको |
| ४० | डाँसिराम सिग्देल | शु.न.पा.११ | अविरल वर्षले घर भत्केको |
| ४१ | उमा गुरुङ्ग | शु.न.पा.१२ | घरको आगनमा पहिरो गएको र बसोबास गर्ने अवस्था नरहेको |
| ४२ | धन बहादुर सुनार | शु.न.पा.१२ | घरको आगनमा पहिरो गएको र बसोबास गर्ने अवस्था नरहेको |
| ४३ | उत्मा कुमारी गुरुङ्ग | शु.न.पा.१२ | घरको आगनमा पहिरो गएको र बसोबास गर्ने अवस्था नरहेको |
| ४४ | जगदिश सुनार | शु.न.पा.१२ | घरको आगनमा पहिरो गएको र बसोबास गर्ने अवस्था नरहेको |

नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

**निर्णय नं. ३ :**

अविरल वर्षाको क्रममा नगरक्षेत्रभित्र गएको बाढी तथा पहिरोको कारण अवरुद्ध भएका सडकको मर्मतसंभार गर्दा लागेको खर्चको भुक्तानी आर्थिक वर्ष ०७७/७८ को बजेट पुस्तिका विनियोजनमा परेका सम्बन्धित वडाको देहायको कार्यक्रमबाट रकम भुक्तानी गर्ने, अपुग रकम प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने, तर भुक्तानीका लागि डोजर प्रयोगको लगत तथा प्राविधिक ईष्टीमेट अनिवार्य हुनुपर्ने ।

| क्र.स. | वडा नम्बर | कार्यक्रम शिर्षक |
|---|---|---|
| १ | १ | वडाभर पुराना मार्ग मर्मत सुधार |
| २ | २ | वडाभर मर्मतसंभार |
| ३ | ३ | विपद् व्यवस्थापन |
| ४ | ६ | शाखा बाटो मर्मत संभार वडाभर, कार्यक्रम भैपरी आउने चालु |
| ५ | ७ | भैपरी योजना,सरसफाई कार्यक्रम |
| ६ | ८ | मर्मतसंभार भैपरी आउने विविध |
| ७ | ९ | स्थानीय बाटो मर्मत,भैपरी आउने खर्च |
| ८ | १० | वडाभर ग्रामीण सडक मर्मत |
| ९ | ११ | सडक मर्मतसंभार,भैपरी आउने वडाका अन्य योजना |
| १० | १२ | मर्मत संभार |

**निर्णय नं. ४ :**

नगरको योजना र विकास निर्माणका लागि सेतीगण्डकी नदीको नदीजन्य पदार्थ प्रयोग गर्न सकिने एवम् अन्य संभाव्य स्थल क्याङदी खोला,कुम्ले खोला र सुरौदी खोलाको प्रारम्भिक वातावरणीय मुल्याकंन(IEE) गरी नदीजन्य पदार्थको प्रयोग गर्ने ।

**निर्णय नं. ५ :**

शुक्लागण्डकी नगरपालिका वडा नं. २ स्थित कोत्रे दोभानमा रहेको नदीजन्य पदार्थको प्रारम्भिक वातावरणीय परीक्षण गरी ठेक्का प्रक्रिया अघि बढाउने ।

**निर्णय नं. ६ :**

सामाजिक विकास मन्त्रालय,गण्डकी प्रदेश सरकारबाट अपांगता भएका व्यक्तिहरुका लागि पुर्नस्थापना एवम् क्षमता अनुसारको रोजगारी तालिम प्रदान गर्न सुविधा सम्पन्न अपाङ्गता आवासीय केन्द्र( अपाङ्ता ग्राम) स्थापनाका लागि यस नगरपालिकाको वडा नं. ८ स्थित डहरेमा ४४ रोपनी जग्गा माग भै आएकोले उक्त जग्गा उपलब्ध गराउन आवश्यक पहल गर्ने ।

किसान गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ७ :**

कोरोना भाईरस(कोभीड १९)रोकथाम, नियन्त्रण तथा व्यवस्थापनका लागि देहायका कार्य गर्ने :

क) नगरपालिकाले निर्माण गरेको क्वारेन्टाईनमा बस्ने व्यक्तिलाई नगरपालिकाले दैनिक प्रतिव्यक्ति रु ४०० उपलब्ध गराउदै आएकोमा कार्तिक १ गतेदेखि क्वारेन्टाईनमा बस्न आउने व्यक्ति स्वयम्ले खाना,खाजाको व्यवस्था गर्नुपर्ने ,

ख) नगरपालिका क्वारेन्टाईन र होम क्वारेन्टाईनमा बस्दै आएका व्यक्तिको पिसीआर परीक्षण नगरपालिकाले गर्ने, र होम क्वारेन्टाईनमा बसेको व्यक्ति परिक्षणमा संक्रमण देखिएमा उक्त व्यक्तिलाई सेवा गर्ने परिवारको १ जनासम्म सदस्यलाई लागेको परीक्षण खर्चमात्र नगरपालिकाले बहन गर्ने ।

ग) कोरोना संक्रमणको उच्च जोखीमको रुपमा देखा परेको शुक्लागण्डकी नगरपालिका वडा नं. ५ को सिमलचौर,सिमलगैरी,नयागाउ,माथिल्लो नयागाउ र नागढुंगा टोलविकास संस्थाबाहेक अन्य सबै क्षेत्रहरुमा मिति २०७७ असोज मसान्तसम्म शिल गर्ने,

घ) शुक्लागण्डकी नगरपालिकाको सबै सामुदायिक विद्यालयहरुको पठनपाठन अर्को सूचना जारी नहुदासम्म बन्द गर्ने ।

**निर्णय नं. ८ :**

चालु आ.ब. ०७७/७८ का लागि नगरसभाले तोकेको दररेटमा विज्ञापन कर संकलनका लागि तेस्रोपटकसम्म बोलपत्र आव्हान गरिएकोमा उक्त अवधिसम्म पनि निवेदन नपरेको हुनाले ३ दिने सूचना प्रकाशित गरी सबै वडाहरुमा पठाउने र उक्त अवधिमा समेत निवदेन नआएमा सोझै वार्ताद्धारा प्रभावग्राही हुन आउने निवेदकसंग ठेक्का संझौता गर्ने ।

**निर्णय नं. ९ :**

शुक्लागण्डकी नगरपालिकाभित्र संचालित उद्योग कलकारखाना,व्यापारीक फर्म,बैंक,वित्तिय संस्था तथा सहकारीहरुको व्यवसाय सञ्चालन कर आ.ब. ०७४/७५ देखि असुलउपर गर्ने ।

**निर्णय नं. १० :**

देहायका कानुनको मस्यौदा तयार पारी नगरकार्यपालिकामा प्रस्तुत गर्ने गरी विधायन समितिलाई जिम्मेवारी प्रदान गर्ने :

क) एम्बुलेन्स संचालन निर्देशिका,२०७७

ख) कृषि संकलन केन्द्र संचालन कार्यविधि,२०७७

ग) निजि जग्गा उत्खनन,संकलन,ढुवानी व्यवस्थित गर्ने कार्यविधि,२०७७

घ) शीतभण्डार संचालन तथा व्यवस्थापन कार्यविधि,२०७७

किशन गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

**निर्णय नं. ११ :**

शुक्लागण्डकी नगरपालिका वडा नं ५ मा फोहोरमैला केन्द्र स्थापना तथा व्यवस्थापनका सम्बन्धमा प्रक्रियागत स्पष्टता तथा सम्बन्धित दोस्रो पक्षसँग गरिने सम्झौताका शर्तहरु तयार पारी स्पष्ट मार्गदर्शन दिने प्रयोजनका लागि देहायको कार्यदललाई जिम्मेवारी प्रदान गर्ने :

| | |
|---|---|
| क) वातावरण तथा विपद समिति संयोजक | संयोजक |
| ख) वडा नं. २ अध्यक्ष, | सदस्य |
| ग) वडा नं. ४ अध्यक्ष | सदस्य |
| घ) वडा नं. ५ अध्यक्ष | सदस्य |
| ङ) वडा नं. ६ अध्यक्ष | सदस्य |
| च) वडा नं. ७ अध्यक्ष | सदस्य |
| छ) वडा नं. ८ अध्यक्ष | सदस्य |
| ज) वातावरण शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं. १२ :**

चालु आ.ब. मा पुर्वाधार विकास तर्फ विनियोजन गरिएको साझेदारी सामुदायिक भवन/ट्रस निर्माण ( ५० प्रतिशत साझेदारी) शिर्षकबाट कोटकालीका मन्दिर शु.न.पा वडा नं. ११ लाई प्राविधिक ईष्टिमेट बमोजिम नगरपालिकाले व्यहोर्ने २,५१,०००।- विनियोजन गर्ने ।

**निर्णय नं. १३ :**

शु.न.पा ५ मा निर्माण गरिएको क्वारेन्टाईन निर्माण गर्दा लागेको खर्चमा नपुग रकम रु १,१३,९८७/१२ प्रकोप व्यवस्थापन कोषबाट खर्च लेख्ने ।

**निर्णय नं. १४ :**

भुमिसम्बन्धी समस्या समाधान आयोग ताहाचल,काठमाण्डौमा यस नगरपालिकाबाट पठाईएको कुल ३७०६ (भुमीहिन सुकुम्वासी तथा अव्यवस्थीत बसोवासी)परिवारको संख्यात्मक विवरण अनुमोदन गर्ने ।

**निर्णय नं. १५ :**

शु.न.पा वडा नं. १२ स्थित श्री जनप्रेमी मा.वि मा निरन्तरको वर्षातका कारण भौतीक संरचनामा क्षति भै विद्यालय जोखीममा परेको हुदा पूर्वाधार संरक्षणका लागि आवश्यक प्रबन्ध गर्न सामाजिक विकास मन्त्रालय,गण्डकी प्रदेश पोखरामा सिफारिस गरी पठाउने ।

किशोर गुरुङ
नगर प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner